१०६२।६८४

राष्ट्रिय सूचना आयोग
२०६५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ५९५/२०७२/०७३

निर्णय नं. ६८४

जिल्ला रौतहट औरया गा.वि.स. वडा नं. २ बस्ने जयप्रकाश साह समेत ........................२ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाँउ विकास समितिको कार्यालय, औरया, रौतहट ................................१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला रौतहट औरया गा.वि.स. वडा नं. २ बस्ने जयप्रकाश साह र धमेन्द्र साह समेतले गाँउ विकास समितिको कार्यालय, औरया, रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी जिल्ला प्रशासन कार्यालय, रौतहट मार्फत् यस आयोग समक्ष मिति २०७२।०८।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाँउ विकास समितिको कार्यालय, औरया, रौतहटका कार्यालय प्रमुखको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. लेखापरीक्षण प्रतिवेदन, २०६४ देखि २०७१ सम्म ।

२. गाँउ परिषद्को बैठकको निर्णयको प्रतिलिपि २०६४ देखि २०७१ सम्म ।

३. सामाजिक सुरक्षा भत्ता वितरण २०६४ देखि २०७१ सम्म ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।